# आर्थिक वर्ष २०७८।७९ को

# नीति तथा कार्यक्रम र बजेट

चन्द्रपुर नगरपालिका

चन्द्रनिगाहपुर

प्रदेश नं. २, नेपाल

# आर्थिक वर्ष २०७८।०७९ को
# नीति तथा कार्यक्रम र बजेट

## चन्द्रपुर नगरपालिकाको नगर सभा समक्ष प्रस्तुत आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम र बजेट

**यस सभाका सभाध्यक्ष महोदय,**

**नगर सभाका सम्पूर्ण सदस्य महानुभावहरु**

सम्पूर्ण विश्व नै कोभिड-१९ (कोरोना भाइरस) माहामारीको चपेटामा परिरहेको चुनौतिपूर्ण र असहज अवस्थामा आज यस आठौं नगरसभाको बैठकलाई सम्बोधन गर्दैछु । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कार्यान्वयन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको अभिष्ट पुरा गर्ने एक तहको रुपमा जिम्मेवारी पाउँदा हामीले ज्यादै नै गौरवान्वित अनुभूत गरेका छौं । सर्वप्रथम यस महत्वपूर्ण अवसरमा मुलुकलाई तीन तहको सरकार सहित संघीय लोकतान्त्रिक गणतन्त्रको आजको यस परिवर्तित युगसम्म ल्याउन र देशको समग्र राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता एवं संघीयता सहितको मुलुकको संमृद्धिको भाग्य रेखा कोर्नको लागि विभिन्न समय क्रममा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सम्पूर्ण आदरणिय शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र घाइते योद्दाहरुप्रति सम्मान सहित शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

कोभिड-१९ महामारीका कारण मानव जातीमाथि शताव्दीकै सबैभन्दा ठुलो संकट पैदा भएको छ । बिश्वस्तरमै यस महामारीविरुद्ध लड्न मौजुदा स्वास्थ्य सेवा र सुविधाहरु अपर्याप्त देखिएका छन् । यस महामारीबाट लाखौं मानिसको ज्यान गई सकेको छ, अरु लाखौं संक्रमित छन् । यस महामारीबाट संक्रमित भई जीवन गुमाउनु हुने नागरिकहरुका शोकाकुल परिवारजनप्रति गहिरो समबेदना व्यक्त गर्दछु । उपचाररत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

कोभिड-१९ ले मुलुकको अर्थ व्यवस्थामाथि गम्भीर धक्का पुऱ्याएको छ । दिगो विकासको लक्ष्यप्राप्तिमा ठुलो व्यवधान खडा भएको छ । यतिबेला समुदायबीच ऐक्यबद्धता, सहकार्य, आत्मविश्वास र आशावादको ठुलो खाँचो छ । त्यसैले यतिखेर मानिसको जीवन रक्षा र मानवजातिको संरक्षण गर्न स्थानीय सरकारको सर्बोच्च कर्तव्य हुन आएको छ । संक्रमण थप फैलन नदिन र यस महामारीमाथि विजय प्राप्त गर्न आगामी दिनमा अझ बढी सतर्कता, समन्वय र एकता आवश्यक भएकोले एक ढिक्का भएर दृढताका साथ लाग्न म सबै नगरबासीमा आव्हान गर्दछु ।

विकास निरन्तर चलिरहने प्रकृया हो । उपलब्ध श्रोत साधनहरुको प्रभावकारी उपयोग मार्फत जनताको आवश्यकता र चाहनाको प्राथमिकीकरण गरी जनसहभागितामै चन्द्रपुर नगरपालिकालाई विकास गरी सम्बृद्ध बनाउने आजको आवश्यकता हो । सामाजिक, आर्थिक, शैक्षिक, साँस्कृतिक, राजनीतिक लगायत समग्र क्षेत्रको विकास गरी यसको प्रतिफलको समन्यायिक वितरण मार्फत जनतालाई विकासको प्रत्यक्ष अनुभूति दिलाउन **“सफा र सभ्य चन्द्रपुर, हाम्रो चन्द्रपुर राम्रो चन्द्रपुर”** भन्ने मुल नारालाई व्यवहारिक रुपमा उतार्न यो नीति तथा कार्यक्रम सफल हुनेछ ।

**सभाध्यक्ष महोदय,**

अब म चन्द्रपुर नगरपालिकाले चालु आर्थिक वर्ष २०७७।०७८ मा हासिल गरेको उपलब्धी तथा आगामी आ.व. २०७८।०७९ का लागि यस नगरपालिकाले अवलम्वन गरेको विकासका केहि मुख्य प्रस्तावित नीति तथा कार्यक्रम यस नगर सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु । यस कार्ययोजनाको विस्तृत विवरण नगर सभाले पास गरी नगरपालिकाको वार्षिक योजनाको पुस्तकबाट प्रष्ट हुनेछ ।

## परिचय

आदरणीय सभाध्यक्ष ज्यू, नगर सभामा उपस्थित हुनु भएका अतिथिगणहरु, सदस्य महानुभावहरु साबिक पाँच वटा गा.वि.स. हरु मिलाएर बनेको चन्द्रपुर नगरपालिका विविधताको हिसाबले अत्यन्त धनी, सुन्दर र विकासको दृष्टिले निकै सम्भावना बोकेको क्षेत्र हो । कृषि, उद्यमशिलता, साँस्कृतिक विविधताको उपयोग मार्फत यहाँका जनताहरुको जीवनस्तर उच्च बनाउन सकिने सम्भावना छ । विगतदेखि जनताको अधिकार स्थापनाका लागि यहाँका जनताहरुको बलिदानीपूर्ण संघर्षमा आफूलाई समाहित गरेको सर्वविदितै छ ।

**सदस्य महानुभावहरु,**

संविधान राज्यको मुल कानून हो । संघीय नेपालमा रहेका ३ तहको सरकारका बीचमा जति सहकार्य र समन्वय हुन सक्यो उति नै नेपाल सरकारले देखेको **"सुखी नेपाली, समृद्ध नेपाल"** को नारा पुरा हुनेछ । त्यसैले नेपालको संविधान २०७२ को धारा २३२ मा संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्धमा **"संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ"** भन्ने व्यवस्थाबाट प्रष्ट देखिन्छ । यस नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा नेपालको संविधान, स्थानीय सरकार संञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४, संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना, स्थानीय तहको मध्यकालिन खर्च संरचना, उपलब्ध श्रोत साधन, विकासका अन्तरसम्बन्धित विषयहरु, नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अबलम्बन गरेका अन्य आर्थिक नीतिहरु तथा प्रावधानलाई मार्गदर्शनको रुपमा लिइएको छ ।

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन समेतका कानूनहरुले व्यवस्था गरे बमोजिम सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत आगामी आर्थिक वर्षको राजश्व र व्यय सहितको बजेटको अनुमान नगर कार्यपालिकाबाट स्वीकृत गराई नीति तथा कार्यक्रम र बजेट चालु आर्थिक वर्षको अषाढ १० गते भित्र नगर सभामा पेश गर्ने र अषाढ मसान्त भित्र पारित गरि सक्नुपर्ने कानूनी प्रावधान रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानून, निर्देशिका तथा कार्यविधिको अधिनमा रहि गत आर्थिक वर्ष २०७६।०७७ को यथार्थ आय-व्ययको विवरण, चालु आर्थिक वर्ष २०७७।०७८ को संशोधित बजेट तथा कार्यक्रम र आगामी आर्थिक वर्ष २०७८।०७९ को अनुमानित वार्षिक बजेट, नीति तथा कार्यक्रमलाई नगर कार्यपालिकाबाट स्वीकृत गरी पेश गरिएको व्यहोरा अनुरोध गर्दछु ।

**आयोजना प्राथमिकीकरणको आधार**

- जनसंख्याको अवस्था
- विकासको अवस्था
- श्रोतको उपलब्धता
- संघीय सरकार र प्रदेश सरकारको समन्वय र सहकार्यको प्रस्ताव
- आम नागरिकको माँग र चाहना आदि

**नीति तथा कार्यक्रम कार्यान्वयनबाट देहाय बमोजिमको उपलब्धी हुने अपेक्षा गरिएको छ :**

- नगरपालिकाको सुविधा सम्पन्न प्रशासनिक भवनको दोश्रो र तेश्रो तल्ला निर्माण सम्पन्न भई आफ्नै भवनबाट सेवा सुविधाको काम हुने वातावरण बन्नेछ ।
- नगरपालिकाबाट दिइने सेवाहरुको प्रवाह छिटो, छरितो, जवाफदेही, पारदर्शी र जनउत्तरदायी हुनेछ ।
- सामूहिक व्यवसाय, उद्यमशिलताको विकास, परम्परागत ज्ञान सीपको व्यवसायीकरण हुनेछ ।
- अनुमति प्राप्त विद्यालयहरु आर्थिक संकटबाट मुक्त हुनेछ ।
- जेष्ठ नागरिक स्वास्थ्य सुरक्षा कार्यक्रम मार्फत नगरपालिकाका सबै जेष्ठ नागरिकहरुको स्वास्थ्यमा सुधार आउनेछ ।
- सबै वडाहरुको सिँचाई प्रणालीमा सुधार आई सो खेतबारीमा हुने कृषिजन्य उत्पादनमा बढोत्तरी भएको हुनेछ ।
- पूर्वाधार निर्माणको क्षेत्रमा यस नगरपालिकाका ठुलो संख्यामा जनताहरुले रोजगारी प्राप्त गर्नेछन् ।
- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने ।
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने ।
- स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने ।
- महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने ।
- दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुग्ने ।
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिबृद्धिमा सघाउ पुग्ने ।
- उपभोक्ता हित संरक्षण विषयमा आवश्यक नीति लिइने छ ।

**क्षेत्रगत विकास मुख्य मुख्य नीतिहरु**

**आदरणीय उपस्थित सदस्य महानुभावहरु**

लोकतान्त्रिक मुल्य तथा मान्यतालाई आत्मसाथ गरी स्थानीय जनसहभागितामा योजना छनौट तथा योजनाका कार्यान्वयनलाई आधार मानी जनताको जीवनस्तरमा सुधार ल्याउने कृषि, पर्यटन, पूर्वाधार विकास, रोजगारी श्रृजना, श्रमको सम्मान र सुरक्षा, महिला, जेष्ठ नागरिक, विपन्न वर्ग, बालबालिकाको सशक्तीकरण हित र सुरक्षामा जोड दिदै स्थानीय स्तरमा सरकारको उपस्थितीको अनुभूति दिलाउने तथा समाजवाद उन्मुख अर्थ व्यवस्थाको आधार तयार गर्ने उद्देश्यका साथ आगामी आ.व.को नीति तथा कार्यक्रम तय गरिएको छ ।

**पूर्वाधार**

१. सार्वजनिक पूर्वाधार निर्माणमा अधिकतम श्रमको अवसर श्रृजना गरिनेछ । श्रमलाई सम्मान गर्ने परिपाटी विकास गर्न ***सबैले श्रम गरौं*** भन्ने अभियान संचालन गरिनेछ ।

२. पूर्वाधार सम्बन्धी आयोजना सम्पन्न गर्न उपभोक्ता, निर्माण व्यवसायी, कामदार, प्राविधिक तथा

अन्य सरोकारवालाहरुलाई आवश्यक तालिम तथा अभिमुखिकरण कार्यक्रमको व्यवस्था गरिनेछ ।

३. वडा स्तरबाट प्रस्ताव भई आएका र अन्य आवश्यक सडक, विद्युत, सिंचाई, खानेपानी, तटबन्ध, भवन निर्माण लगायतका भौतिक पूर्वाधार योजनाहरु बजेटको सीमा र परिधि भित्र रही प्राथमिकताको आधारमा निर्माण र संचालनलाई निरन्तरता दिइनेछ ।

४. पूर्वाधार निर्माणमा अधिकतम श्रम परिचालन गरि विपन्न वर्ग र स्थानीय उपभोक्ताहरुमा व्यापक मात्रामा रोजगारी श्रृजना गरिनेछ ।

५. पूर्वाधार निर्माणको कार्यलाई तिव्रता दिन र व्यवस्थित ढंगबाट योजना सम्पन्न गर्न प्रत्येक वडा कार्यालयमा एक एक जनाको दरले प्राविधिक जनशक्ति व्यवस्थापन गरिनेछ ।

६. जनताले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा अधिकतम लाभ लिन सक्ने, जनताको अधिकतम जनसहभागिता जुट्ने, जनताले अपनत्व बोध गर्ने, सुशासन र पारदर्शिता सुनिश्चित हुने, कृषि, उद्योग, पर्यटन, र प्रत्यक्ष लाभ लिन सक्ने रोजगारीका अवसरहरु बृद्धि हुने योजनाहरुलाई प्राथमिकिक्रमको आधारमा लागु गर्ने नीति लिइएको छ ।

७. नगरपालिकाबाट छनौट भएका, प्रदेश सरकार तथा संघबाट छनौटमा परेका योजनाहरुको प्रभावकारिताका निम्ती अनुगमन कार्यलाई थप सुदृढिकरण गरिनेछ ।

८. नगरपालिकामा सञ्चालन हुने सबै आयोजना र कार्यक्रमहरु संभाव्यता, स्थानीय आवश्यकता र प्राथमिकता एवं लाभान्वित वर्गको चाहना अनुरुप वातावरण मैत्री पूर्वाधार विकास हुने गरी विधि सम्मत प्रकृयाबाट सञ्चालन गरिने छ ।

**शिक्षा**

१. शैक्षिक शत्रको शुरुमा विधार्थी भर्ना, स्वागत र निरन्तरताका लागि सचेतनामुलक कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

२. माध्यमिक विद्यालयमा ***स्कुल नर्स*** कार्यक्रम लागु भई सकेकोले यसलाई अझ प्रभावकारी रुपमा लागु गर्ने नीति लिइएको छ ।

३. विद्यार्थीको सिकाई उपलब्धी, लगनशिलता, अनुशासन, जवाफदेहिता आदिका आधारमा प्रत्येक वर्ष एक जना शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुलाई पुरस्कृत गर्दै जाने नीतिलाई निरन्तरता दिइनेछ ।

४. आवश्यक भौतिक पूर्वाधार विकास र विद्युत विस्तार भएका माध्यमिक विद्यालयहरुमा ई-हाजिरीको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५. बालविकास केन्द्रमा कार्यरत बालशिक्षकको क्षमता विकासका लागि बालमैत्री तालिमको व्यवस्था गरिनेछ ।

६. विभिन्न कारणबाट विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन, टिकाइ राख्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

७. बालबालिकाहरुको चौतर्फी विकासका लागि ***प्रतिभा पहिचान*** कार्यक्रम सञ्चालन गरिनेछ ।

८. विद्यालयको निरन्तर अनुगमन, निरिक्षण तथा सुपरिवेक्षणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

९. श्रोत अभावमा व्यापक समस्या भोलेका अनुमति प्राप्त विद्यालय संचालनको लागि अनुदान दिइनेछ । समुदाय स्तरबाट माग भई आएका नगरपालिकाबाट निरिक्षण गर्दा विद्यालय गाभिन उपयुक्त देखिएमा विद्यालय एकिकरणको प्रकृया अगाडी बढाइनेछ ।

१०. प्रारम्भिक बाल विकास केन्द्र नभएका विद्यालयहरुमा कानून बमोजिम प्रकृया पुरा गरी बालविकास केन्द्र स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

११. प्राविधिक शिक्षा संचालन भएका विद्यालय अथवा संचालन प्रकृयामा रहेका विद्यालयहरुमा छात्रावास, पुस्तकालय, प्रयोगशाला जस्ता पूर्वाधार निर्माणका लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।

१२. शैक्षिक गुणस्तर सुधारका लागि सरोकारवालाहरुको क्षमता अभिबृद्धि तालिम सञ्चालन गरिनेछ ।

## स्वास्थ्य

१. आधारभुत स्वास्थ्य सेवाको सुनिश्चित र व्यवस्थित गरिनेछ ।
२. सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्दै थप बर्थिङ्ग सेन्टर विस्तार गरिनेछ, साथै २४ घण्टे सेवाका कर्मचारीहरुलाई प्रोत्साहित गरिनेछ ।
३. ल्याव सेवा सञ्चालनमा जोड दिइनेछ ।
४. पूर्ण खोप युक्त पालिकालाई निरन्तरता र सुनिश्चितताका लागि सबै बच्चाहरुले पूर्ण खोप पाए नपाएको एकिन गरी पूर्ण खोप पालिका घोषणा गरिनेछ ।
५. स्वास्थ्य चौकीहरुको मासिक तथा त्रैमासिक प्रतिवेदनलाई व्यवस्थित गर्न सबै स्वास्थ्य चौकीहरुलाई क्रमागतरुपमा कम्प्युटर र प्रिन्टरको व्यवस्था गरिनेछ ।
६. नगरपालिकाले प्रत्येक वर्ष विशेषज्ञ डाक्टर ल्याई स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्यमा जोड दिइनेछ ।
७. बालबालिकाहरुको स्वास्थ्य, खोपहरुको उपयोग र पोषण स्तरमा सुधार गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
८. स्वास्थ्य संस्थाका क्षेत्रभित्र स्वस्थ र स्वच्छ खानेपानीको पहुँचको व्यवस्था गरिनेछ ।
९. जेष्ठ नागरिक र महिलालाई प्रत्यक्ष लाभ हुने खालका कार्यक्रमहरु ल्याइनेछ ।
१०. दरबन्दी भएका स्वास्थ्य संस्थाहरुमा स्थायी कर्मचारीको अभाव भएमा करारमा भएपनि कर्मचारीहरु राखी स्वास्थ्य जस्तो अति आवश्यकीय सेवालाई सुचारु पारिनेछ ।
११. नगरपालिका भित्र आयुर्वेद चिकित्सा प्रणाली र योग शिक्षा सञ्चालन गर्ने व्यक्ति र संस्थाहरुलाई आवश्यक सहयोग र प्रोत्साहन गरिनेछ ।

## कृषि तथा पशुपंक्षी पालन

१. कृषि तथा पशुपंक्षीपालनलाई सहयोग पुग्ने गरी आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ ।
२. कृषि तथा पशुपंक्षी पालन पेशालाई आधुनिकीकरण र व्यवसायिकीकरण गर्न सामूहिक वा संस्थागत रुपमा संचालित फर्महरुलाई पूँजिगत तथा संरचनागत कार्यको लागि कार्यक्रमहरु सञ्चालन गर्न संघीय कानून, प्रदेश कानून र स्थानीय कानूनले तोकिए बमोजिम अनुदान दिइनेछ ।
३. कृषि उपज तथा पशुपंक्षी निकासी मार्फत जनताका आय स्तर बढाउने किसिमका कार्यक्रमहरु संचालन गरिनेछ ।
४. कृषि पेशालाई मर्यादित बनाउन हरेक वर्ष उत्कृष्ट कृषक छनौट गरी तालिम, भ्रमण, कृषि मेला प्रदर्शनीमा सहभागी गराई पुरस्कृत समेत गरिने नीति लिइने छ ।
५. रासायनिक मलको प्रयोगलाई क्रमशः निरुत्साहित गर्न कृषकहरुलाई प्रांगारिक मल उत्पादन सम्वन्धी प्राविधिक ज्ञान दिइने छ ।
६. नगदे बाली उत्पादनका लागि विशेष कार्यक्रम लागु गरी कृषकहरुको आयस्तरमा बृद्धि गराइनेछ ।
७. लक्षित समूह पहिचान गरि आय आर्जनका कार्यक्रम पकेट क्षेत्र बनाई पशु पालनको माध्यमबाट आयमा बृद्धि गराउदै लगिनेछ ।
८. निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायीक खेती प्रणाली तर्फ उन्मुख गर्न आवश्यक पहल गरिनेछ ।
९. उन्नत पशु पालन, पशु विमा, गोठ तथा भकारो सुधार जस्ता कार्यक्रमहरु सञ्चालनमा विशेष पहल गरिनेछ ।
१०. अर्गानिक तरकारी खेती तथा प्राङ्गारिक खेती कार्यक्रममा आवश्यक सहयोग गर्दै यस नगरपालिकामा युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न सम्वन्धित निकायमा पहल गरिने छ ।
११. स्थानीय श्रोत तथा सीपमा आधारित एक वडा एक विशेष उत्पादन, एक टोल एक उद्यम तथा

व्यवसाय प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. उन्नत नश्लको बंगुर तथा बोका वितरणको लागि अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१३. प्रत्येक वडामा गाई, भैंसी तथा बाख्रामा कृत्रिम गर्भाधान कार्यक्रम विस्तार गरिने छ ।

१४. गाई तथा बंगुर पकेट कार्यक्रमलाई निरन्तरता दिदैं एक वडा एक सेवा केन्द्र कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. धान तथा मकै कार्यक्रमलाइ निरन्तरता दिदै अगाडी बढाइनेछ ।

१६. व्यवसायीक मौरी पालन किसानहरुलाइ प्रोत्साहन गर्ने कार्यक्रम ल्याइनेछ ।

१७. गाउँ स्तरमा सहज, सुलभ र सरल तरिकाले आधुनिक प्रविधि विस्तारको लागि एक वडा एक कृषि प्राविधिक कार्यक्रमलाइ व्यवस्थित गरिनेछ ।

१८. कृषिमा गरेको लगानी/आम्दानीमा आइ पर्ने जोखिम न्यूनिकरण तथा व्यवस्थापनको लागि बाली बिमालाइ प्रोत्साहन गर्ने ।

## सामाजिक संघ संस्था

१. सामाजिक संघ संस्थालाई यस नगरपालिकाले राखेका नीति कार्यक्रम, योजना तथा उद्देश्यहरु हासिल गर्ने कार्यमा जिम्मेवार रुपले परिचालन गर्न नगरपालिकाका कार्यक्रम तथा जनताले प्रत्यक्ष लाभ लिने र आर्थिक अवस्था सुधार हुने किसिमका कार्यहरु गर्न सार्वजनिक निजी साझेदारी (PPP) का कार्यक्रमहरु गर्न प्रोत्साहित गरिनेछ ।

२. नगरपालिका भित्र रहेका सहकारी संस्थाका सदस्यहरुलाई सहकारी शिक्षा प्रदान गरी सहकारी एकिकरणलाई जोड दिइनेछ ।

३. दुग्ध उत्पादक सहकारी संस्था मार्फत दुग्धजन्य परिकार उत्पादन गरी प्रोत्साहन गरिनेछ । यसले उत्पादित वस्तुले प्रश्रय पाउँदा किसानहरु प्रत्यक्ष लाभान्वित हुनेछन् ।

४. सहकारी संस्थाको अध्ययन अवलोकनका लागि सबै प्रकारका सहकारी संस्थाहरुको अन्तर प्रदेशिय भ्रमण गराई सहकारी संस्थाको स्तरमा सुधार ल्याइनेछ ।

## सूचना तथा संचार

१. नगरपालिकाको सेवा, सुविधा, नीति, नियम, सूचना तथा गतिविधिहरु सबै नागरिकको पहुँचमा पुऱ्याउन डिजीटल सोधपुछ कक्ष, डिजीटल सूचना पाटी, डिजीटल नागरिक बडापत्रको व्यवस्थापन गरिनेछ ।

२. नगरपालिका तथा वडा कार्यालयहरुमा हस्तलिखित रुपमा संचालन गरिने कार्यहरुलाई प्रविधिको उपयोग गरी विस्थापित गर्ने, सबै कर्मचारी तथा जनप्रतिनिधीहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

३. सुशासन र कार्यसम्पादन चुस्त दुरुस्त बनाउनको लागि प्रत्येक वडा र नगर कार्यपालिकामा इन्टरनेटको राम्रो व्यवस्था गरी सम्पूर्ण नगरपालिकाको कामकाज प्रविधि मैत्री बनाइने छ ।

४. वडा कार्यालयबाट उठाउने करलाई पारदर्शी बनाउनको लागि ***एकिकृत कर संकलन प्रणाली*** (IPT) सफ्टवेयरको प्रयोग गरिने छ ।

५. नगरपालिकाको लेखा शाखालाई चुस्त दुरुस्त पार्न साथै सेवाग्राहीलाई छिटो छरितो सेवा दिनका लागि संचालनमा रहेको ***स्थानीय संचितकोष व्यवस्थापन प्रणाली*** (SuTRA) लाई नै निरन्तरता दिइने छ ।

६. स्वास्थ्य संस्थालाई प्रविधिमैत्री बनाउन आवश्यक कदम चालिने छ । साथै सम्पूर्ण स्वास्थ्य चौकीबाट आएका प्रतिवेदनहरुलाई चुस्त दुरुस्त र पारदर्शि बनाउनका लागि ***स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली*** लाई कार्यान्वयनमा ल्याइने छ ।

## उद्योग, वन, संस्कृति तथा पर्यटन

१. नगर क्षेत्रभित्र रहेका धार्मिक, साँस्कृतिक, ऐतिहासिक र प्राकृतिक क्षेत्रको संरक्षण, सम्बर्द्धन गर्दै सम्भाव्यताको आधारमा पर्यटकीय क्षेत्रको विकासका कार्यक्रम संचालन गरिने छ ।
२. नेपाल राज्यको निर्माण, राष्ट्र निर्माण, राजनीतिक परिवर्तन/आन्दोलन गणतन्त्र प्राप्तीको आन्दोलनमा जीवन उत्सर्ग गर्ने शहिदहरुको पहिचान गरी उहाँहरुको योगदानलाई कदर हुने श्रद्धा र सम्मान बढाउने कार्य गरिनेछ । जनयुद्ध र जनआन्दोलनको स्मरण रहीरहने गरी यस क्षेत्रको बलीदानी पूर्ण संघर्षलाई जीवन्त बनाउन **गणतन्त्र पार्क**को निर्माण गर्न पहल गरिनेछ ।
३. धर्म र संस्कृतिले हामी सबै जातजाती तथा भाषाभाषीलाई मिलाएर राखेको छ । यीनीहरुको संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन आजको आवश्यकता समेत बनेको छ । यस क्षेत्रभित्र रहेका पुरातात्विक महत्वका मठमन्दिर तथा गुम्बाहरुको संरक्षण गर्नुका साथै आवश्यकतानुसार निर्माण नवनिर्माण समेत गरिने छ । विभिन्न जातजातीको मौलिक रहनसहनको प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिने नीति लिइने छ ।
४. यस नगरपालिका भित्र रहेका घरेलु तथा साना उद्योगहरुलाई प्रोत्साहन गरिनेछ ।
५. बन पैदावार संरक्षण, बिक्री, वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधी बनाई कार्यान्वयनमा ल्याइनेछ ।
६. विभिन्न समुदायको धार्मिक तथा साँस्कृतिक चाल चलन, भेषभुषा, भाषा संरक्षण गर्ने गरी कार्यक्रम गरिने छ ।

## न्यायिक कार्य सम्पादन सम्बन्धी नीति

१. न्यायिक समितिलाई नगरपालिकाको मुख्य अंगको रुपमा स्थापित गरि न्याय सम्पादन कार्यलाई सर्वसुलभ बनाइनेछ ।
२. गाउँबस्तीमा हुने साना तिना विवाद समाधान गर्न मेलमिलापकर्ताहरुको माध्यम अपनाउने नीति लिइनेछ ।
३. विवादका पक्षहरुलाई उजुरी दर्ता गर्न सहजिकरणका लागि वडा कार्यालयहरुलाई सम्पर्क कार्यालयको रुपमा विकास गरिनेछ ।
४. न्याय सम्पादनका लागि नगरपालिकामा छुट्टै न्यायिक इजलासको व्यवस्थापन गरिनेछ ।
५. न्यायिक समितिको कार्य सञ्चालनमा दस्तावेजिकरण तथा तथ्याङक आवधिक गर्न सूचना प्रविधि मैत्रि निति लिइने ।

## उद्यमशिलता तथा आर्थिक विकास

१. महिला, युवा तथा लक्षित समूहका व्यक्तिहरुलाई उद्यमी बनाउन र उद्यमशिलता प्रवर्द्धन गर्न तोकिए बमोजिम सञ्चालन हुने गरी ***उपमेयर उद्यमशिलता कोष*** सञ्चालन गरिनेछ ।
२. परम्परागत ज्ञान, सीप, पेशाहरुको संरक्षण, सम्बर्धन, आधुनिकीकरण, तथा व्यवसायिकीकरण गरिनेछ ।
३. समाजवादी अर्थतन्त्रको आधार तयार गर्नका लागि सामूहिक व्यवसाय तथा उत्पादन प्रणालीलाई प्रोत्साहित गरिनेछ ।
४. राजस्व नै नगरपालिकाको मुख्य श्रोत भएकोले यस नगरपालिका भित्रका सम्पूर्ण व्यवसायहरुलाई नगरपालिकामा अनिवार्य दर्ता गर्न व्यवस्था मिलाईने छ । यस नगरपालिकाको क्षेत्रभित्र कारोबार गर्ने ठुला व्यवसायहरुलाई भ्याटमा दर्ता गर्न प्रोत्साहित गरिनेछ ।
५. ग्राहक तथा उपभोक्ताहरुको हित संरक्षण गर्न पसलहरुमा मूल्य सूची राख्ने व्यवस्थालाई अनिवार्य गरिने छ ।
६. बजारबाट विक्री वितरण हुने उपभोग्य बस्तुको गुणस्तर कायम राख्न समय समयमा बजार

अनुगमन गरिनेछ। उपभोक्ताबाट आएका उजुरी र गुनासोलाई तत्काल सुनुवाई गरिनेछ।

## वातावरण र विपद् व्यवस्थापन

१. स्वच्छ वातावरणमा बाच्न पाउने हकको सम्मानका लागि सम्पूर्ण वडामा सरसफाई, वातावरण तथा बन संरक्षण सम्बन्धी चेतनामुलक कार्यक्रमहरु अगाडी बढाउने नीति लिईने छ। सामुदायिक वनहरुमा कृषि वन नीति लिई समुदायको आय आर्जन तर्फ उन्मुख गराईने छ।

२. फोहरमैला तथा ढल व्यवस्थापनका लागि आम नागरिक, बजार बासी एवं सर्वपक्षिय साझेदारीमा नगरपालिकाको केन्द्र चन्द्रनिगाहपुर लगायत अन्य स्थान समेतलाई फोहोर मुक्त बनाइनेछ।

३. विपद् पूर्व तयारी, विपद्को समय तथा विपद् पश्चात गरिनुपर्ने क्रियाकलापहरुलाई व्यवस्थित गर्न आवश्यक व्यवस्था गरिनेछ। प्राकृतिक एवं अन्य मानविय कारणबाट जोखिममा परेका वर्ग, क्षेत्र एवं समुदायको आकस्मिक व्यवस्थापन एवं उद्धारका लागि विपद् व्यवस्थापन कोषबाट नियमानुसार सहायता उपलब्ध गराइने छ।

४. संभाव्य विपद् सम्बन्धी जनचेतना, विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयनमा पहल गरिने छ।

५. जलवायु परिवर्तन अनुकुलन कार्ययोजना निर्माण गर्न आवश्यक पहल एवं सम्बन्धित निकाय र संघ संस्थाहरुसंग समन्वय गरिनेछ।

६. नदि कटान र बाढी प्रभावित क्षेत्रको अध्ययन गरी नियन्त्रणात्मक कार्य संचालनमा जोड दिइनेछ।

७. नदि तथा खोलाजन्य प्रकोप नियन्त्रणका लागि अध्ययन गरी चाँदी खोला, बागमती खोला लगायत अन्य खोला किनारमा जमिनको कटानलाई रोक्न तटबन्ध तथा बस्ती संरक्षणका कार्यक्रम सम्बन्धी विशेष क्षतिग्रस्त ठाँउ हेरी नियन्त्रणको काम अघि बढाइने छ।

८. Clean Development, Clean Mechanism सहित Clean Economy को विकास गर्दै Clean Chandrapur Municipality को अवधारणा अन्तर्गत जलवायु परिवर्तन अनुकुलनका सरसफाई अभियान र वातावरणमैत्री स्थानीय शासनको अवलम्वनलाई तिव्र पारिने कार्यलाई निरन्तरता दिइनेछ।

९. नगर क्षेत्रभित्र एक घर एक विरुवा वृक्षारोपणको नीतिलाई अगाडी सारिनेछ।

१०. नगर क्षेत्रभित्र रहेका सिमसार क्षेत्र र पानी मुहान संरक्षण गर्ने नीति लिइनेछ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत बेरोजगारहरुलाई यस नगरपालिकाको आर्थिक, सामाजिक र पूर्वाधार विकाससंग जोडी रोजगार श्रृजना गर्न निम्न नीति लिइनेछ।

१. बेरोजगार व्यक्तिहरुको शीप, अनुभव, योग्यता, क्षमता र दक्षताका आधारमा बर्गिकरण गरी आन्तरिक रोजगारी सृजना गर्ने योजना र कार्यक्रम तय गरिनेछ।

२. न्यूनतम रोजगार (**१०० दिन**) लाई चन्द्रपुरको विकास र सम्बृद्धिसंग जोडिने छ।

३. बेरोजगार व्यक्तिहरुको सूचि जुनसुकै समयमा पनि हेर्न मिल्ने गरी अभिलेखिकरण गरिने छ।

४. न्यूनतम रोजगारी पाउने व्यक्तिहरुको छुट्टै लगत तयार गरिनेछ। निर्वाह भत्ता पाउने बेरोजगार व्यक्तिहरुको छुट्टै पारिवारिक विवरण तयार गरी सो सम्बन्धी अन्य व्यवस्था मन्त्रालयसंग समन्वय गरी अघि बढाइनेछ।

५. बैदेशिक रोजगारीबाट फर्केका तथा रोजगारी गुमाएका युवाहरुको उद्यमशिलता विकास गर्न आवश्यक सीप, क्षमता तथा बिउँ पूँजि उपलब्ध गराउन वित्तीय संस्थाहरुसंग आवश्यक समन्वय गरिनेछ।

६. नगरपालिका स्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई श्रमिकको रुपमा परिचालन गर्ने आवश्यक व्यवस्था गरिनेछ।

७. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उत्पादनमुलक रोजगारी सिर्जना गर्ने बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिनेछ।

## संस्थागत विकास, सेवा प्रवाह र सु-शासन

१. नगरपालिकाबाट वितरण हुने सेवा, सुविधा, लाभका कुनै कार्यहरु वितरण हुँदा नागरिकको अधिकतम जानकारी र पहुँचमा पुग्ने गरी सूचना तथा जानकारी प्रवाह गरिने छ ।
२. पारदर्शिता सुनिश्चितता गर्न सुशासन (सञ्चालन र व्यवस्थापन) ऐन, २०६४ बमोजिम नियमित रुपमा सार्वजनिक सुनुवाईको व्यवस्था गरिनेछ । वडा कार्यालयहरु, सार्वजनिक निकायहरु तथा उपभोक्ता समितिलाई समेत सार्वजनिक सुनुवाई कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्न अनिवार्य गरिने छ ।
३. नगरपालिका क्षेत्रभित्र शान्तिसुरक्षाको स्थितिलाई गम्भीर रुपमा लिदैं नागरिकको शान्ति र सुरक्षा गरिनेछ । साथै सुरक्षा संयन्त्रसंग समन्वय गरी सरकारी कार्यालय, बजार क्षेत्र लगायत अन्य क्षेत्रमा सुरक्षा संयन्त्र मजबुत बनाइनेछ ।
४. सेवा प्रवाहमा सु-शासन कायम गर्न, भ्रष्टाचार र अनियमितता विरुद्ध सुन्य सहनशिलता अवलम्बन गर्दै कर्मचारीको मनोबल बढाउन आवश्यक व्यवस्था गरिनेछ । कर्मचारीको क्षमता अभिबृद्धिको लागि आवश्यक तालिमको व्यवस्था एवं अन्य कार्यक्रमहरु संचालन गरिनेछ । साथै कार्यबोझका आधार साथै कर्मचारीको कार्यसम्पादन क्षमता अनुसार नगरपालिकामा कार्यरत कर्मचारीहरु तथा वडा सचिवहरुलाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
५. समग्र योजना तथा कार्यक्रममा सुशासन कायम गर्दै योजनालाई जनताको प्रत्यक्ष लाभ र सहभागिता सुनिश्चित गर्न थप अनुसन्धान र अध्ययन अवलोकन गर्नु पर्ने हुन्छ । यसका लागि विकास एवं समृद्धिको नमुनाका रुपमा कहलिएका स्थानीय तहहरुको भ्रमण गरी आवश्यक पृष्ठपोषण लिइनेछ ।
६. कार्यालयका कर्मचारीहरुमा स्वच्छ आचरणको निर्माण गरी सेवाग्राही प्रति सम्मान पूर्ण व्यवहार गर्ने नीति लाई प्रभावकारी बनाइने छ ।

## युवा तथा खेलकुद

१. विकास र समृद्धिको सुचकको रुपमा खेलकुदलाई लिने गरिन्छ तसर्थ खेलकुद मार्फत पहिचान, एकता र गतिशिलताका लागि खेलकुदमुखी कार्यक्रम तर्जुमा गरिनेछ ।
२. खेलकुदलाई युवाहरुको स्फूर्ति, अनुशासन, स्वास्थ्य, सामाजिक एकता सँग जोड्ने गरी कार्यक्रमहरु बनाइने छ ।

## महिला, बालबालिका, दलित तथा जेष्ठ नागरिक

१. यस नगरपालिकामा रहेका महिला, दलित, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको सम्मान तथा सशक्तिकरण गरिने नीति अख्तियार गरिनेछ र विकासका प्रतिफल हासिल गरिने सवालमा प्राथमिकतामा राखिनेछ ।
२. बालबालिकाको क्षमता अभिबृद्धि हुने खालको योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ ।
३. अपाङ्गता भएका व्यक्तिहरुको सूचि तयार गरी परिचय पत्रको व्यवस्था मिलाइने छ ।
४. अपाङ्गता भएका व्यक्तिहरुलाई स्वावलम्बी र आत्मनिर्भर बनाउन उद्यमशिलताको विकास गराउदै क्षमता अभिबृद्धि गराउने साथै अनुदानको व्यवस्था गरिनेछ ।
५. जेष्ठ नागरिकहरुको सम्मान र कदर गर्दै परिवारबाट गरिने विभेदलाई न्यूनिकरण गर्दै जेष्ठ नागरिकको संरक्षण गरिनेछ ।
६. अपाङ्गता परिचयपत्र तथा जेष्ठ नागरिक परिचयपत्र वितरणका लागि विभिन्न स्थानहरुमा आवश्यकता अनुसार एकिकृत घुम्ती शिविर सञ्चालन गरिनेछ ।
७. दलित समुदायका परम्परागत ज्ञान सीप, पेशालाई संरक्षण सम्बर्धन र व्यवसायीकीकरण गरिनेछ ।

८. बालमैत्री स्थानीय शासनको अवधारणालाई संस्थागत विकास गर्ने नीति लिइनेछ ।
९. विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरि समग्र महिलाहरुको सशक्तिकरण र क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
१०. महिला, बालबालिका, आदिवासी/जनजाती, पिछडा वर्ग, दलित, भिन्न क्षमता भएका व्यक्ति, लैङ्गिक अल्पसंख्यक, जेष्ठ नागरिकहरुको सशक्तिकरण, क्षमता विकास तथा सीप विकासका लागि सीपमुलक, चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
११. बाल संजाल एवं बालबालिकाको क्षमता विकास सम्बन्धी कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
१२. अपाङ्गता भएका व्यक्तिहरुको सम्पर्क हुने सबै भौतिक संरचनालाई अपाङ्ग मैत्री बनाउदै लगिनेछ ।
१३. महिला नेतृत्व विकास क्षमता अभिबृद्धि गरी लैङ्गिक समानता र सम्मानजनक व्यवहार गर्ने नीति तथा कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरिनेछ । महिला सशक्तिकरण, उद्यमशिलता एवं सीप विकास गरी आत्मनिर्भरताका कार्यक्रम सञ्चालन गरिनेछ ।
१४. महिलाहरुबाट प्रवर्द्धन हुने साना व्यवसाय र स्वरोजगार कार्यका लागि पूँजि, सीप र उद्यमशिलता तालिम सुनिश्चित गरिनेछ ।
१५. एसिड आक्रमण, घरेलु हिंसा तथा लैङ्गिक हिंसा निराकरण गर्नको लागि लैङ्गिग हिंसा विरुद्धको १६ दिने अभियान संगै महिला-पूरुष (श्रीमान/श्रीमतीलाई) समविकास कार्यक्रम प्रत्येक वडामा संचालन गरिने छ ।
१६. नगरपालिका भित्र रहेका अति विपन्न र पारिवारिक रुपबाट टाढा भएका एकल महिलाहरुको पहिचान गरी सीपमुलक कार्यलाई जोड दिंदै उनीहरुलाई आत्मनिर्भर बनाउन सहयोग गरिनेछ ।
१७. अपाङ्गता भएका व्यक्तिहरुको अभिभावकहरुलाई सचेतनामुलक तालिम कार्यक्रम सञ्चालन गरिने छ ।
१८. यस नगरपालिकाभित्र रहेका तेश्रो लिङ्गीको पहिचान गरी जिविको पार्जन गर्न आय आर्जको कार्यकमलाइ प्रोत्साहन गर्ने ।

## उपभोक्ता हित संरक्षण

१. उपभोक्ता हित संरक्षण र बजार अनुगमन खाद्य गुणस्तर मापन व्यवस्थापन गर्न निती लिइनेछ ।

## राजस्व संभाव्यता, बजार र वित्तिय व्यवस्थापन

१. नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई राजस्व शाखासंग आवद्ध गरिने कार्यलाई प्रभावकारी बनाइने छ छ
२. नगरबासीले तिर्ने कर शुल्क नै नगर समृद्धिको आधार हो, भन्ने तथ्यलाई मनन गर्दै नतिजा मुलक दिगो विकासका लागि श्रोत जुटाउन नगरबासीहरुलाई बोझ नहुने र सर्व स्वीकार्य हुने गरि सरल, वैज्ञानिक र प्रभावकारी कर प्रणाली मार्फत दर रेट कायम गरी आगामी आ.व. देखि सबै नगरपालिकाबासीहरुलाई करको दायरामा ल्याइने छ ।
३. उद्योग बाणिज्य संघको सहकार्य र समन्वयमा व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी बनाई सबै व्यवसायलाई करको दायरमा ल्याइने छ ।
४. कर संकलन कार्यमा संलग्न कर्मचारीहरुलाई प्रोत्साहित गर्न वार्षिक लक्ष्य भन्दा बढी कर संकलन भएमा लक्ष्य भन्दा बढी कर संकलन भएको रकमबाट नगर कार्यपालिकाको बोर्डको निर्णयानुसार उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई प्रोत्साहन पुरस्कार उपलब्ध गराउनुका साथै कार्यालय समय बाहेक कार्यालयको काममा खटिने अन्य कर्मचारीहरुलाई समेत उचित सुविधा उपलब्ध गराइनेछ ।
५. राष्ट्रिय भवन संहिता र भवन निर्माण मापदण्ड बमोजिम बनेका पुराना घरहरुको नक्सा पास गर्ने, नयाँ भवन संरचनाहरु मपदण्ड बमोजिम बनाउन नक्सा पास गरि स्वीकृति दिने एवं मापदण्ड

नपुगेका नगरपालिका घोषण हुनु अगावै बनेका पुराना घर संरचनाहरु सार्वजनिक जग्गा र सडकमा पर्ने भए सुधार गर्न लगाई अन्यको हकमा लगत लिई नगरपालिकाले तोके अनुसारको राजस्व असुल गरि अभिलेखिकरण गरि नगरपालिका घोषणा हुनु पूर्व र पछि बनेका घरहरुको रेकर्ड अध्यावधिक गरिनेछ ।

६. राजस्व संभाव्यता अध्ययनबाट प्राप्त सुझाव अनुसार राजस्वका अन्य क्षेत्रहरु समेत पहिचान गरि करको दर भन्दा दायरा बढाउने तर्फ पहल गर्नुको साथै नागरिकको सचेतिकरणको लागि कर शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

**नगर स्तरीय गौरवको योजना**

नगर स्तरीय गौरवको योजनाहरु सि.टि. हल, ट्रमा सेन्टर, बस पार्क, थारु संग्राहलय, ५० बेडको नगर अस्पताल, बाग्मतीको शव दहन स्थललाई प्राथमिकतामा राखी कार्यक्रम सम्पन्न गरिनेछ ।

**विविध**

१. नविन उद्यमशिल सोचहरुलाई कार्यान्वयनमा लैजान लगानीको अभाव नहुने गरी व्यवस्था मिलाउन यथासम्भव प्रयास गरिने छ ।
२. सहभागितामुलक योजना र विकासले मात्र दिगो विकासको आधार तयार गर्दछ । आजको विकास प्रकृया कुनै एक पक्ष वा संयन्त्रले मात्र संभव नहुने हुँदा समग्र विकासका लागि सबै साझेदारहरुलाई स्वागत गरी विकासलाई साझेदारीमा अगाडी बढाइने नीति अख्तियार गरिनेछ ।
३. आगामी आ.व. को सुरुवातमा नै आगामी वर्ष संचालन गरिने योजनाका सम्बन्धमा प्रत्येक वडामा उपभोक्ता समिति र सरोकारवालाको सबैको सहभागितामा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ । सूचकको आधारमा उत्कृष्ठ काम गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने प्रणालीको सुरुवात भैसकेको अवस्थामा आगामी दिनमा निरन्तरता दिइनेछ ।
४. संचार जगतलाई राज्यको चौथो अंग मानिन्छ तसर्थ संचार माध्यमहरुको विकास, सहयोग र सहजिकरण गरिनेछ ।
५. आगामी दिनमा राजस्वको दायरालाई फराकिलो बनाउदै प्रभावकारी संयन्त्रको विकास गरी लक्षित राजस्व परिचालन गर्न जोड दिइनेछ ।
६. संविधानको मर्म र भावना अनुसार नगरपालिकाको समग्र विकासका लागि संघीय र प्रदेश सरकार, दातृ निकाय, समाजसेवी, साझेदार संस्था सबैसंग निरन्तर समन्वय र सहकार्य गरिनेछ ।
७. नगर क्षेत्रभित्र संचालनमा रहेका रिक्सा, इ-रिक्सा तथा टेम्पोलाइ नगरपालिकामा अभिलेखिकरण गरि व्यवस्थापन गर्ने ।
८. नगरपालिकाभित्र रहेको एलानी तथा सार्वजनिक जग्गाहरु खोजतलास गरी नगरपालिका मातहतमा ल्याइने निति लिइने छ ।
९. चन्द्रपुर नगरपालिकासँग जोडिएका अरु गाउँपालिका, नगरपालिका तथा जिल्लाका सिमाना विवाद सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गरी विवाद समाधान गर्ने निति लिइएको छ ।

**सम्माननीय सभाध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

आगामी आर्थिक वर्ष २०७८।०७९ को लागि संघीय सरकारबाट यस नगरपालिकालाई वित्तिय समानिकरण वापत रु. १९ करोड १५ लाख, सशर्त अनुदान वापत रु. ३५ करोड ७३ लाख, राजस्व बाँडफाँड अर्न्तगत रु. १२ करोड ९५ लाख ३७ हजार, विशेष अनुदान रु. १ करोड ८७ लाख र समपुरक

अनुदान रु. १ करोड ३४ लाख प्राप्त भएको छ । त्यसै गरी प्रदेश सरकारबाट वित्तिय समानिकरण अनुदान वापत रु. १ करोड ३४ लाख ६४ हजार, विशेष अनुदान रु. ३० लाख, समपुरक अनुदान रु. २० लाख र सवारी साधन कर बाँडफाँड रु. १ करोड ७२ लाख ६७ हजार १ सय ९३ पैसा ७० प्राप्त भएको छ । सम्वृद्धि कार्यक्रममा रु. ११ लाख, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममा रु. ४ लाख, युनिसेफ कार्यक्रममा रु. १० लाख, सामाजिक सुरक्षा कार्यक्रममा रु. २१ करोड ५० लाख र गरिबसंग विशेश्वर कार्यक्रममा रु. ५ लाख ४६ हजार प्राप्त हुने भएको छ । नगरपालिकाको आगामी आ.व. को लागि आन्तरिक आम्दानी रु. १२ करोड (मालपोत कार्यालयबाट प्राप्त हुने समेत) अनुमान गरिएको छ । यसरी आगामी आ.व. को लागि कुल अनुमानित आय रकम रु. १ अरब ८ करोड ४२ लाख १४ हजार १ सय ९३ पैसा ७० रहेको छ ।

सशर्त अनुदानको रकम कार्यक्रम सहित आएको हुँदा रकम प्राप्त भएपछि कार्यान्वयन गर्दा हुने भएकोले त्यसमा कुनै थप निर्णय गर्नु परेन । हाल चालु आ.व. को सञ्चित कोषमा कति रकम बाँकी रहन्छ भन्ने कुरा आर्थिक वर्ष नसकिएकोले रकम अनुमान गर्न सकिएन । तसर्थ उक्त रकमलाई जम्मा गरि कुल रकम एकिन गरी आगामी दिनमा कार्यक्रम सहितको पुरक बजेट ल्याउने निर्णय भएको छ ।

उपरोक्त रकमलाई चालु र पूँजिगत खर्च गरि निम्न बमोजिम छुटयाइएको छ ।

**व्यय तर्फ**

| | | | |
|---|---|---|---|
| १. | चालु खर्च............................................ | रु. | ५७,४६,३३,५२२।६६ |
| २. | पूँजिगत कार्यक्रम खर्च............................ | रु. | ५०,९५,८०,६७१।०४ |
| जम्मा : | ...................................................... | रु. | १,०८,४२,१४,१९३।७० |

**नगरसभाका सदस्य महानुभावहरु**

विकासमा जनताको अधिकार स्थापित गर्ने मूल सिद्धान्त अनुसार तयार भएको यो नीति तथा कार्यक्रमको कार्यान्वयनले चन्द्रपुर नगरपालिकाको समृद्धिको सपनालाई सम्बोधन गर्ने छ भन्ने कुरालाई मैले विश्वास लिएको छु । विगत वर्षमा हामीले लिएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा सघाउ पुऱ्याउनु हुने सम्पूर्ण नगरसभा सदस्यज्यूहरु, राजनीतिक दलका प्रतिनिधिहरु, कर्मचारीहरु, नागरिक समाजका प्रतिनिधिहरु, शिक्षकहरु, विद्यार्थीहरु एवं सबै सरोकारवालाहरुमा हार्दिक आभार प्रकट गर्दछु । उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न नगरपालिकाको एक्लो प्रयासबाट मात्र सम्भव नहुने हुँदा यस नगरपालिकाको विकास र समृद्धिमा चासो र सरोकार राख्ने सम्पूर्ण जनसमूदाय, राजनीतिक दल, सरकारी तथा दातृ निकाय, समाजसेवी, बुद्धिजिवी, व्यवसायी र विकास प्रेमी सम्पूर्ण महानुभावहरुसंग आगामी दिनमा नगरपालिकाको दिगो विकास र समृद्धिको निम्ती अझ बढी रचनात्मक र सकारात्मक सहयोग, सल्लाह र सुझावको अपेक्षा गर्दछु । यसको सफल कार्यान्वयन गरी **"सफा र सभ्य चन्द्रपुर, हाम्रो चन्द्रपुर राम्रो चन्द्रपुर"** निर्माण गर्नुहुन सम्पूर्ण सरोकारवाला पक्षहरुका साथै नगरबासी आमा, बुवा, दाजुभाई, दिदीबहिनी, बुद्धिजिवी, शिक्षक कर्मचारी लगायत सबैमा हार्दिक अनुरोध गर्दछु ।

**धन्यवाद ।**

रामरति चौधरी
उप प्रमुख
चन्द्रपुर नगरपालिका
प्रदेश नं. २, रौतहट ।